# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३१, चैत्र ७ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका शैक्षिक वेरोजगार महिला अनुदान वितरण मापदण्ड (प्रथम संशोधन), २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।११।८

व्यास नगरपालिका स्नातक उत्तीर्ण वेरोजगार महिला अनुदान वितरण मापदण्ड, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. मापदण्डको नाममा "व्यास नगरपालिका स्नातक उर्त्तीण वेरोजगार महिला अनुदान वितरण मापदण्ड २०७८" **भन्नेको सट्टा** "व्यास नगरपालिका शैक्षिक वेरोजगार महिला अनुदान वितरण मापदण्ड २०७८" राखी संशोधन गरिएको छ ।

२. **परिचयः** "व्यास नगरपालिकाको नगर सभाबाट नगर क्षेत्रमा रहेको शैक्षिक वेरोजगार तथा रोजगार उन्मुख रहेका महिलाहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रम अर्न्तगत विनियोजन भएको रकम नगरका १४ वटा वडामा रहेका स्नातक तहको शैक्षिक योग्यता हासिल गरेका वेरोजगार महिलाहरुलाई उद्यमशीलता सहयोग प्रदान गरी कृषि, पशु पालन लगायत साना घरेलु उद्योग गर्दै आएका र गर्ने योजनामा रहेका नगर भित्रका महिलाहरुलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार सृर्जना

गरी स्वदेशमा नै व्यवसाय गरी आर्थिक उन्नति गर्न सहज होस् भनी नगरपालिकामा बढीभन्दा बढी महिलाहरु स्व-आर्जन व्यवसायमा अग्रसर हुने विश्वासका साथ यो मापदण्ड तर्जुमा गरिएको छ" **भन्नेको सट्टा** "व्यास नगरपालिकाको नगर सभाबाट नगर क्षेत्रमा रहेको शैक्षिक वेरोजगार तथा रोजगार उन्मुख रहेका महिलाहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रम अन्तर्गत विनियोजन भएको रकम नगरका १४ वटा वडामा रहेका **प्रविणता प्रमाणपत्र तह वा कक्षा ११, १२ सम्म** शैक्षिक योग्यता हासिल गरेका वेरोजगार महिलाहरुलाई उद्यमशीलता सहयोग प्रदान गरी कृषि, पशु पालन लगायत साना घरेलु उद्योग गर्दै आएका र गर्ने योजनामा रहेका नगर भित्रका महिलाहरुलाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार सृर्जना गरी स्वदेशमा नै व्यवसाय गरी आर्थिक उन्नति गर्न सहज होस् भनी नगरपालिकामा बढीभन्दा बढी महिलाहरु स्व-आर्जन व्यवसायमा अग्रसर हुने विश्वासका साथ यो मापदण्ड तर्जुमा गरिएको छ" राखी संशोधन गरिएको छ ।

३. **उद्देश्यः "**व्यास नगरपालिकामा भएको कुल जनसंख्याको करिव ५१ प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको यस नगरपालिकामा स्नातक तहसम्मको शैक्षिक योग्यता हासिल गरी वेरोजगार रहेका महिलाहरुलाई नगरपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग गरी उनीहरुलाई उद्यमशीलताका लागि उत्प्रेणा जागरण गर्नका लागि विषेश गरी यो स्नातक वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रममा बजेट विनियोजन गरिएको हो । नगरका शैक्षिक वेरोजगार तथा सबै तह र तप्काका महिलाहरुले आफूले चाहेको र आफूलाई उपयुक्त हुने उद्योग, व्यवसाय सञ्चालन गर्न नगर सभाले नगरका महिला लक्षित गरी बनाइएको यो बजेट, नीति तथा कार्यक्रम अन्य स्थानीय तहको तुलनामा व्यास नगरपालिकाले आत्म निंभर नगरपालिका बनाउनका लागि महिलाहरुको भूमिकालाई समेत बढी भन्दा बढी महत्व दिई यो कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । यस कार्यक्रमबाट नगरका स्नातक महिलाहरुले स्वरोजगार सृर्जना गरी आय आर्जन गर्न सक्ने छन् भने समग्र नगरपालिकालाई समेत उद्योग, कृषि, पशु पंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो नगरपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ" **भन्नेको सट्टा "**व्यास नगरपालिकामा भएको कुल जनसंख्याको करिव ५१ प्रतिशत भन्दा बढी महिलाहरुको जनसंख्या रहेको यस नगरपालिकामा **प्रविणता प्रमाणपत्र तह वा कक्षा ११, १२** सम्मको शैक्षिक योग्यता हासिल गरी वेरोजगार रहेका महिलाहरुलाई नगरपालिकाबाट केही बिऊ पूँजीको रुपमा आर्थिक सहयोग गरी उनीहरुलाई उद्यमशीलताका लागि उत्प्रेणा जागरण गर्नका लागि विषेश गरी यो **शैक्षिक** वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रममा बजेट विनियोजन गरिएको हो । नगरका शैक्षिक वेरोजगार तथा सबै तह र तप्काका महिलाहरुले आफूले चाहेको र आफूलाई उपयुक्त हुने उद्योग, व्यवसाय सञ्चालन गर्न नगर

सभाले नगरका महिला लक्षित गरी बनाइएको यो बजेट, नीति तथा कार्यक्रम अन्य स्थानीय तहको तुलनामा व्यास नगरपालिकाले आत्म निंभर नगरपालिका बनाउनका लागि महिलाहरुको भूमिकालाई समेत बढी भन्दा बढी महत्व दिई यो कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । यस कार्यक्रमबाट नगरका **शैक्षिक वेरोजगार** महिलाहरुले स्वरोजगार सृर्जना गरी आय आर्जन गर्न सक्ने छन् भने समग्र नगरपालिकालाई समेत उद्योग, कृषि, पशु पंक्षी पालन र स-साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो नगरपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ"

४. **नियम (३) (ख) पशु पंक्षी पालन तर्फः** "पशु पंक्षी पालन तर्फ बाखा, खरायो, बंगूर, गाई भैसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिलाहरु यो अनुदान नीति भित्र पर्दछन् । यस पशु पंक्षी तर्फ बाखा पालन भएमा १० वटा भन्दा बढी, बंगूर पालन भए १० वटा भन्दा बढी, गाई पालन गरेको भए कम्तिामा ५ वटा, भैसी पालन भए कम्तिामा ५ बटा तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरेको भए कम्तिामा ५०० वटासम्म पालन गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिला यो अनुदान नीति भित्र पर्दछन् ।" **भन्नेको सट्टा** "पशु पंक्षी पालन तर्फ बाखा, खरायो, बंगूर, गाई भैसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिलाहरु यो अनुदान नीति भित्र पर्दछन । यस पशु पंक्षी तर्फ बाखा पालन भएमा १० वटा भन्दा बढी, बंगूर पालन भए १० वटा भन्दा बढी, गाई पालन गरेको भए कम्तिामा ५ वटा, भैसी पालन भए कम्तिामा ५ बटा तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरेको भए कम्तिामा **२००** वटासम्म पालन गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका महिला यो अनुदान नीति भित्र पर्दछन्" राखी संशोधन गरिएको छ ।

५. **नियम ४ (क) "**यसरी स्नातक महिला लक्ष्ति अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा ५० हजारसम्म बजेट उपलब्ध गराइने छ" **भन्नेको सट्टा** "यसरी शैक्षिक वेरोजगार महिला लक्ष्ति अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा ५० हजारसम्म बजेट उपलब्ध गराइने छ" राखी संशोधन गरिएको छ ।

६. **नियम ४ (ख)** "अनुदान प्रदान गर्दा स्नातक महिला उद्यमशीलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित, जनजाति र गरिब तथा पिछडिएका वर्ग र क्षेत्रमा अनुदान उपलब्ध गराउने गरी प्रथमिकता दिनु पर्नेछ" **भन्नेको सट्टा** "अनुदान प्रदान गर्दा **शैक्षिक वेरोजगार** महिला उद्यमशीलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित, जनजाति र गरिब तथा पिछडिएका वर्ग र क्षेत्रमा अनुदान उपलब्ध गराउने गरी प्रथमिकता दिनु पर्नेछ" राखी संशोधन गरिएको छ ।

७. **नियम ५ (ख) "**रोजगारदाताको स्नातक उत्तीर्ण शैक्षिक योग्यता तथा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि" **भन्नेको सट्टा** रोजगारदाताको **प्रविणता प्रमाणपत्र**

**वा कक्षा ११, १२** उत्तीर्ण शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि" राखी संशोधन गरिएको छ ।

८. **नियम ६ (ग)** "स्नातक महिला लक्षित कार्यक्रममा सहभागी हुनका लागि २० वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ" **भन्नेको सट्टा** "शैक्षिक वेरोजगार महिला लक्षित कार्यक्रममा सहभागी हुनका लागि २० वर्ष पुरा भई **५५** वर्ष ननाघेको हुनु पर्नेछ" राखी संशोधन गरिएको छ ।

९. **नियम ६ (घ)** "स्नातक महिला लक्षित उद्यमशीलता सहयोग कार्यक्रममा सहभागी हुनका लागि नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको कुनै शाखाबाट अनुदान प्राप्त गरेको भएमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराइने छैन" **भन्नेको सट्टा** "**शैक्षिक वेरोजगार** महिला लक्षित उद्यमशीलता सहयोग कार्यक्रममा सहभागी हुनका लागि नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको कुनै शाखाबाट अनुदान प्राप्त गरेको भएमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराइने छैन" राखी संशोधन गरिएको छ ।

१०. **नियम ७ (घ)** "यस सहयोग कार्यक्रम नगरका स्नातक उत्तीर्ण महिलालाई प्रदान गर्दा सामान्यत सबै वडाहरुलाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरी समावेशी रुपमा सहयोग उपलब्ध गराइने छ" **भन्नेको सट्टा** "यस सहयोग कार्यक्रम नगरका **शैक्षिक वेरोजगार** महिलालाई प्रदान गर्दा सामान्यत सबै वडाहरुलाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरी समावेशी रुपमा सहयोग उपलब्ध गराइने छ" राखी संशोधन गरिएको छ ।

११. **नियम ७ (ङ)** "नगरपालिका क्षेत्रका स्नातक उत्तीर्ण शैक्षिक योग्यता प्राप्त गरेका वेरोजगार महिलालाई प्रदान गरिने युवती लक्षित स्वरोजगार कार्यक्रमको अनुदान नीति एवं मापदण्ड कार्यपालिकाको निर्णयबाट स्वीकृत गरिने छ" **भन्नेको सट्टा** "नगरपालिका क्षेत्रका **प्रविणता प्रमाणपत्र तह वा कक्षा ११, १२** उत्तीर्ण शैक्षिक योग्यता प्राप्त गरेका वेरोजगार महिलालाई प्रदान गरिने युवती लक्षित स्वरोजगार कार्यक्रमको अनुदान नीति एवं मापदण्ड कार्यपालिकाको निर्णयबाट स्वीकृत गरिने छ" राखी संशोधध गरिएका छ ।

१२. **नियम ८ थप** अनुदान वितरण सिफारिस समितिः यस कार्यक्रम अन्तर्गत प्राप्त दरखास्तहरुको छानविन गरी अनुदानका लागि नगर कार्यपालिकामा सिफारिस गर्न देहाय बमोजिमको समिति रहने छः

(क) संयोजक -उपप्रमुख, व्यास नगरपालिका

(ख) सदस्य -कार्यपालिकाका महिला सदस्यहरु मध्ये कार्यपालिकाले तोकोको एक जना

(ग) सदस्य -सामाजिक विकास समितिका संयोजक

(घ) सदस्य -शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

(ङ) सदस्य सचिव-महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख

१३. **नियम ९ थप** अनुदान वितरण अनितम निर्णयः व्यास नगरपालिका भित्रका शैक्षिक वेरोजगार महिलाहरु मध्ये निमय ८ बमोजिमको समितिबाट सिफारिस भई आएका उद्यमशील महिलाहरुलाई वितरण गरिने अनुदान कार्यपालिकाबाट अनुमोदन भएपछि मात्र वितरण गरिने छ ।

१४. **नियम १० थप** अनुदान कार्यक्रम अवधिः यस मापदण्ड अनुसार अनुदान प्राप्त महिलाले कार्यलयको निर्णय भएको मितिले ६ (छ) महिना भित्र अनुदान स्वीकृत भएको कार्यक्रम सञ्चालन नगरेमा सो अनुदान रकम उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन ।

१५. **अनुदान प्राप्त गर्न पेश गर्ने फाराममा** "स्नातक तह उत्तीर्ण वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न पेश गर्ने फाराम" भन्नेको सट्टा "**शैक्षिक** वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न पेश गर्ने फाराम" राखी संशोधन गरिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत